# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

(खण्ड४३) काठमाडौं, जेठ २९गते २०५० साल (अतिरिक्ताङ्क १५(क)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला अष्ट्रियाको राजधानी भियनामा सम्पन्न हुने प्रथम मानव अधिकार सम्बन्धी विश्व सम्मेलनमा भाग लिन र फिनल्याण्ड, अष्ट्रिया तथा इजरायलको औपचारिक भ्रमणको साथै जर्मनीको भ्रमण पनि गर्ने सिलसिलामा २०५० साल जेठ ३१ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरबार सम्बन्धी, रक्षा र परराष्ट्र मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधान-मन्त्रीको सिफारिशमा माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बलबहादुर राईले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय गृहमन्त्री श्री शेरबहादुर देउपा अष्ट्रियाको राजधानी भियनामा सम्पन्न हुने प्रथम मानव अधिकार सम्बन्धी विश्व सम्मेलनमा भाग लिने सिलसिलामा नेपाली प्रतिनिधिमण्डलमा सम्मिलित हुन २०५० साल जेठ २९ गते जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रामहरि जोशीले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय अर्थ राज्यमन्त्री श्री महेश आचार्य अष्ट्रियाको राजधानी भियनामा सम्पन्न हुने प्रथम मानव अधिकार सम्बन्धी विश्व सम्मेलनमा भाग लिने सिलसिलामा नेपाली प्रतिनिधिमण्डलमा सम्मिलित हुन २०५० साल जेठ ३१ गते जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य राज्यमन्त्री डा. रामवरण यादवले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।